स्तनपान र काम

यसलाई सफल पारौं

# Breastfeeding and Work: Let's make it work!

# स्तनपान र काम: यसलाई सफल पारौं

## महिलाहरूका लागि आवश्यक छ

## मातृत्वको सुरक्षण

World Breastfeeding Week
1-7 August 2015

**महिलाहरुको कार्यस्थलमा उच्च विविधता रहेको छ : औपचारिक देखि अनौपचारिक । त्यसैकारण, १९९३ देखिनै प्रचलित समय : कार्यस्थल : सहयोग : को सामान्य ढाँचा, प्रभावकारी मातृशिशु मैत्री/परिवारमैत्री वा स्तनपान मैत्री कार्यस्थल निर्माणका लागि निरन्तर रुपमा अगाडि बढीरहेको छ ।**

# विश्व स्तनपान सप्ताह १-७ अगष्ट २०१५

## (१६ श्रावण देखि २२ श्रावण २०७२)













### समय (Time)

१. पूर्णकालीन स्तनपानमा सहयोगका लागि, बच्चाको जन्म पश्चात् ६ महिना सम्म तलब सुविधा सहितको विदा । साथै बच्चाको जन्म पूर्व पर्याप्त समय तलब सुविधा सहीतको विदा । जहाँ विदाको अवधि कम छ, त्यहा विदा बढाउने माध्यमहरूको आवश्यकता पर्दछ । जसले गर्दा पूर्ण वैतनिक, अवैतनिक वा अन्य कुनै प्रकारको विदाका साथ, महिलाहरू आफ्ना बच्चासंग रहन पाउँछन् ।

२. समय पूर्व जन्मिएका र जोखिमपूर्ण अवस्थाका बच्चाका आमाहरूका लागि थप विदा तथा बच्चालाई विशेष हेरचाह र जीवनदान युक्त स्तनपान गराउन थप समय दिनको लागी व्यवस्था गर्ने ।

३. दिनमा एक वा दुईपटक स्तनपान छुट्टी वा बच्चालाई स्तनपान गराउन दैनिक रूपमै कार्य समयमा कटौती ।

४. स्तनपानका लागि लचिलो कार्य समय, जस्तौ : आंशिक कार्यतालिका, लामोसमयको खाना विदा, अन्य प्रकारको छुट्टी वा अन्य कुनै विकल्प ।

### समोपता (Space/Proximity)

१. कार्यस्थल नजिकै शिशुहेरचाह केन्द्र र आमाहरूलाई बच्चा सम्म पुग्न आवतजावत/यातायातको व्यवस्था । ग्रामीण कार्य स्थल तथा मौसमी कार्यहरूका लागि, महिलाहरूले ठाँउसारी गर्न सकिने प्रकारका बालहेरचाह केन्द्र वा आफ्नो साँस्कृतिक प्रचलन अनुसार सामुहीक बालहेरचाहको व्यवस्थालाई प्रयोगमा ल्याउन सक्छन् ।

२. आमाको दुध निचोरेर जम्मा गर्नको लागि व्यक्तिगत प्रकारको सुविधा । यस्तो सुविधा स्तनपान कक्ष, कुनै कुनाको ठाँउ, वा कार्यस्थल भित्रै-नजिकैको सुरक्षित ठाँउ हुनसक्छ ।

३. हानिकारक वस्तु तथा रसायन रहित सुरक्षित र साझा कार्यस्थलको व्यावस्था ।

### सहयोग (Support)

१. कार्यस्थलमा, प्रचलित राष्ट्रिय मातृत्व सम्बन्धी कानून, सुविधा तथा मातृत्व सम्बन्धी प्राबधानहरू सम्बन्धी जानकारी, जो राष्ट्रिय रूपका कानुन र सामान्य प्रचलन भन्दा उत्तम हुन्छन् ।

२. रोजगारी दाता, व्यवस्थापन, आफुभन्दा बरिष्ठ तथा सहकर्मीहरू बाट गर्भावस्था, मातृत्व तथा सार्वजनिक रूपमा स्तनपान गराउने जस्ता कुराहरूप्रति सकारात्मक सोचको विकास सम्बन्धमा सहयोग ।

३. स्तनपान र बालहेरचाहलाई रोजगारी संगसंगै लैजानका लागि गर्भावस्था र स्तनपानको अवधिमा महिलाको स्वास्थ्य सम्बन्धी जानकारी ।

४. आमाहरूकै कार्यस्थल वा बृहत् राष्ट्रिय स्तरका कर्मचारी/श्रमिक संगठनहरू मार्फत सहयोग ।

५. रोजगारीको सुरक्षा तथा मातृत्व र स्तनपानका कारण भेदभावपूर्ण अवस्था नरहनु ।

**WABA WORLD BREASTFEEDING WEEK 2015**
PROTECTS, PROMOTES AND SUPPORTS BREASTFEEDING WORLDWIDE
Translated in Nepali from English Version Poster of WABA
WABA को अंग्रेजी पोष्टरबाट नेपालीमा अनुवाद गरिएको (IBFAN Asia को सहयोग प्राप्त)
प्रकाशक : नेपाल स्तनपान प्रवर्द्धन मञ्च, काठमाडौं, नेपाल